(ख) नियुक्त हुँदाको बखत तीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर पूरा नभएको,

(ग) अन्य प्रचलित कानूनले अयोग्य नठहऱ्याएको ।

८. **छनौट सम्बन्धी व्यवस्था** : (१) दफा ७ बमोजिमको प्रमुख कार्यकारी निर्देशकको नियुक्ति गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

(क) प्रमुख सचिव, प्रदेश सरकार - संयोजक

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) राजपत्राङ्कित प्रथम श्रेणीबाट सेवा निवृत भएको व्यक्ति मध्येबाट प्रदेश सरकारले तोकेको एक जना - सदस्य

(ङ) प्रदेश सरकारको उद्योग सँग सम्बन्धित मन्त्रालयको सचिव -सदस्य

(२) उपदफा (१) बमोजिमको छनौट समितिको सदस्य-सचिव र सचिवालय समितिले तोके बमोजिम हुनेछ ।

(३) प्रमुख कार्यकारी निर्देशकको पदमा काम गर्ने योग्यता प्राप्त इच्छुक व्यक्तिको लागि कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरिनेछ र त्यस्तो सूचना प्रकाशित भएको अवधिमा आवेदन दिने उम्मेदवार मध्येबाट उत्कृष्ट उम्मेदवारको छनौट गर्ने प्रकृया लिखित परीक्षा, अन्तर्वार्ता वा अन्य विषय छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) कार्यकारी निर्देशन छनौट सम्बन्धी कार्यविधि छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **प्रमुख कार्यकारी निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी व्यवस्था** : (१) दफा ८ बमोजिमको छनौट समितिले योग्यतम दुई उम्मेदवारको सिफारिस गर्नेछ र त्यसरी सिफारिस गरिएका उम्मेदवार मध्ये एक जनालाई प्रदेश सरकारले प्रमुख कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकले प्रमुख सचिव सँग तोकिए बमोजिमको कार्य सम्पादन करार गर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकको पदावधी चार वर्षको हुनेछ ।

तर निजको कार्य सन्तोषजनक नभएमा प्रदेश सरकारले जुनसुकै वखत पदमुक्त गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकले प्रदेश सरकारको मन्त्रालयको सचिव सरहको पारिश्रमिक सेवा र सुविधा पाउनेछ र निजलाई प्राधिकरणले

